# "शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधारः प्रकृति र मगर संस्कृति निस्दीको आधार"

सभा सदस्य ज्यूहरु, सभाका सचिव ज्यू, उपस्थित कर्मचारी लगायत महानुभाव ज्यूहरु यस सभामा निस्दी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म आफैलाई भाग्यमानी ठानेको छु।

वि.सं. २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यहाँहरुले प्रदान गर्नुभएको भारी जनमतबाट हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व सम्हाल्ने अवसर पायौं। करिब ४ वर्षको यस कार्यकालसम्म आइपुग्दा गाउँपालिकाको समृद्धि यात्रामा निरन्तर सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, कर्मचारी प्रशासन, समाजसेवी, बुद्धिजीवी, नागरिक समाज, निजी क्षेत्र, गैरसरकारी संस्था तथा आम जनसमुदायप्रति म हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु।

यस विशेष अवसरमा, म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो जीवन आहुति दिनुहुने अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

हामी यस गाउँपालिकाको गौरवपूर्ण इतिहास, मौलिक संस्कृति, सम्पदा र सभ्यताको संरक्षण एवं सम्बर्द्धन गर्दै संघीय, प्रदेश तथा स्थानीय सरकारले तोकेबमोजिमको सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई प्रभावकारी बनाउन प्रतिबद्ध छौं। यस मार्फत हामी सम्पूर्ण निस्दी वासी जनताको सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न चाहन्छौं।

हामीले अख्तियार गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आन्तरिक अनुशासन र सबल प्रशासन अनिवार्य शर्त हो भन्ने कुरामा हामी स्पष्ट छौं। त्यसैले, यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने गाउँ कार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुको क्षमता विकास गर्ने, स्रोत-साधनमा वृद्धि गर्ने तथा एक सुदृढ प्रणालीको विकास गर्ने नीति हामीले अवलम्बन गर्नेछौं।

## आर्थिक वर्ष २०८२/०८३ को नीति समिक्षा

१.नागरिकहरुको आय बृद्दि गर्न कृषि ,पशु ,उधोग ,पर्यटन , सिंचाई क्षेत्रमा लागानी गर्ने नीति लिईएको छ ।

२. सामाजिक विकास तर्फ शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी मानब अधिकार र मौलिक हकको सुनिश्चितता गरिएकोछ ।

३. बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरिएको छ।

४. प्रत्येक वडा र गाउँपालिकालाई पुर्वाधारमा सुविधा सम्पन्न तथा प्रमुख मोटर बाटो स्तरोन्नती हुने गरी नीति लिइएको छ।

५. वन वातावरण तथा विपद् व्यवस्थापनलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गरिएको छ।

६. नागरीकमैत्री सेवा प्रवाहको लागि संस्थागत बिकास संगै जवाफदेहिता ,पारदर्शिता ,विधीको शासन कायम गर्ने नीतिका साथ नीति तथा कार्यक्रम कार्यान्वयन भएको छ।

### गाउँपालिकाको दिर्घकालिन सोच

**"शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पुर्वाधार प्रकृति र मगर संस्कृति निस्दीको आधार"** भन्ने दिर्घकालीन सोचलाई कार्यान्वयन गर्नु हामी समक्ष चुनौती रहेको छ।

**सभासदस्य ज्यूहरु अब म आ.व.२०८३/०८४ को आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम पेश गर्न चाहन्छु।**

### आर्थिक बिकास

निस्दी गाउँपालिकाको आर्थिक समृद्धिको आधार कृषि, पशुपालन, सहकारी, पर्यटन, उद्योग र वन क्षेत्रको एकीकृत तथा दिगो विकास हो। स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम परिचालन गर्दै रोजगारी सिर्जना, आयआर्जन वृद्धि र गरिबी

न्यूनीकरण गर्ने उद्देश्यले देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू तर्जुमा गरिएको छ।

**१. कृषि क्षेत्र**

- आर्थिक वर्ष २०८३/८४ मा महिलाहरुलाई कृषि तथा पशु क्षेत्र मार्फत व्यवसायिक बनाइने छ ।
- व्यवसायिक कफि खेतीलाई प्रवर्धन गरिनेछ ।
- **फलफुल दलहन र अन्न बाली खाध सुरक्षामा निस्देली भन्ने नाराका साथ** 'स्थानीय उत्पादन र सम्भाव्यताको आधारमा पकेट क्षेत्र घोषणा गरी कृषिलाई **युवामैत्री व्यवसाय** बनाइनेछ। युवाहरूलाई कृषिमा संलग्न गराई उत्पादन एवम् उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्न **उत्पादनमा आधारित अनुदानको नीति** अवलम्बन गरिनेछ।
- कृषि, पशुपन्छी र मत्स्यपालन सम्बन्धी तथ्याङ्कलाई अद्यावधिक गरी नीति निर्माणमा प्रयोग गरिनेछ।
- **उपयोग गरौ भूमि पानी र जवानी भित्र्याउ नयाँ प्रविधि र निजी लगानी** भन्ने नाराका साथ कृषि क्षेत्रलाई व्यवसायिक र उधोग उन्मुख बनाइनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि प्रणालीमा रूपान्तरण गर्न **कृषि यन्त्र उपकरणमा अनुदान** दिइनेछ र उत्पादन, उत्पादकत्व बढाई आयस्तर वृद्धि र गरिबी निवारणमा जोड दिइनेछ।
- गाउँपालिकाभित्र बाँझो रहेको जग्गालाई अभिलेखीकरण गरी समूह, सहकारी वा कम्पनी मार्फत **करार खेतीमा जोड दिँदै** व्यावसायिक र नाफामुखी कृषिमा रूपान्तरण गरिनेछ। बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन उक्त बाँझो जमिन नियमानुसार परिचालन गरिनेछ।
- अदुवा बालीलाई आधुनिकीकरण, विविधिकरण र मूल्य श्रृङ्खलामा आबद्ध गरिनेछ। बजारीकरणका लागि उत्पादन पश्चातको क्षति न्यूनीकरण (Post-harvest longevity) गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

- किसान सूचीकरणमा परेका कृषकहरूलाई **किसान परिचय पत्र** वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- निस्दी गाउँपालिकाका कृषि उपजहरूको मुख्य उत्पादन क्षेत्रलाई समेट्ने गरी **संकलन केन्द्र स्थापना** गरिनेछ र **"निस्दी कोसेली घर"** मार्फत बजारीकरण गरिनेछ र अन्य ठूला बजारमा बिक्री केन्द्र स्थापनाका लागि पहल गरिनेछ ।
- उत्पादनका आधारमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।
- सिंचित भूमिलाई थप विस्तार गर्न प्रभावकारी सिँचाइ कार्यक्रमहरू लागू गरिनेछ।
- निस्दी गाउँपालिका भित्र कृषि विषय अध्ययन गरेका व्यक्तिहरूका लागि **अन्तरक्रियात्मक विशेष कार्यक्रम** सञ्चालन गरिनेछ।
- प्रत्येक वडामा माटो सुधार र माटो परिक्षण सम्वन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- पालिकाको व्यवसायिक कृषकहरुलाई गडौली मल उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।
- फलफुल मसला तथा जडिबुटी सम्बन्धी वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक कृषक तथा प्राविधिक कर्मचारीहरुको क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- मौसम अनुसारको खेतीको लागि उन्नत विउमा अनुदान कार्यक्रम संचालन गरिनेछ ।

## २. पशुपन्छी विकास

- कृषि तथा पशुपालन सम्वन्धी पेशालाई जनताको आर्थिक समुन्नत संग आबद्ध गर्दै सम्मानित पेशाको रुपमा बिकसित गर्न बिभिन्न आयमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- गोठ देखि ओठसम्म भन्ने नारालाई आत्मासात गर्दै स्वच्छ, स्वस्थ दूध तथा मासु उत्पादन गर्न कृषकको गोठदेखि उपभोक्ताको ओठसम्म हाईजेनिक दूध तथा मासु उपलब्धताको लागि नश्ल सुधार तथा खोर गोठ सुधार कार्यक्रम सञ्चालनमा जोड दिनेछ ।
- निस्दी गाउँपालिकाको साथ कृषकलाई रहात अभियानका साथ ब्यावसायिक कृषकको पहिचान गरि महिला लाई पशुपालन ब्यवसाय तर्फ उन्मुख गराईनेछ ।
- युवालाई कृषि पेशामा आकर्षण गराउन युवा लक्षित आय आर्जन कार्यक्रम, तथा पशु बिकास प्रोत्सहान कार्यक्रम संचालन गरिने छ। यस पालिकाको तुलनात्मक लाभका क्षेत्र लोकल कुखुरा, बाख्रा पालन, बंगुर पालन मौरी पालन तथा तरकारी खेतीको पकेट क्षेत्र निर्धारण गरि उचित बजारीकरणमा जोड दिईनेछ ।
- गाउँपालिकालाई मासु, अण्डा  र तरकारी र मसला बालीमा आत्म निर्भर गराई निर्यात गर्ने गाउँपालिका निर्माण गर्न आबश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि तथा पशुपालन संग सम्वन्धीत बिभिन्न अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम तथा अन्य बबश्यक तालिमहरु सञ्चालन गरिने छ ।
- ब्यबसायिक कृषकलाई ब्यवसाइ प्रति आकर्षित गर्नको लागि ब्यवसायिक फार्ममा बिज्ञ सहितको प्राविधिक सेवा प्रवहामा जोड दिईनेछ ।
- उपभोक्ताको स्वास्थ्यलाई बिशेष ध्यान दिदै सञ्चालित मासु पसलहरुको नियमनमा जोड दिईने छ । साथै मासु पसल सुधारमा जोड दिईनेछ ।
- बिश्व ब्यापि रुपमा बिकराल रुपमा फैलिदै गरेको र बर्षेनी हजारौ पशु पन्छी तथा मानिसको ज्यान लिने रेविज जस्ता प्राणघाटक रोग नियन्त्रणको लागि सामुदायिक कुकुरहरुको स्थायी बन्धयाकरण तथा रेविज खोप सञ्चालनमा जोड दिईनेछ ।

- निस्दीमा उत्पादित खसी/बोका बजारिकरणको लागि आबश्यक संकलन केन्द्र निर्मणमा जोड दिईनेछ । साथै प्रतिफलमा आधारित अनुदानको ब्यवस्था गरिनेछ ।
- नेपाल सरकारको निति अनुसार निस्दी गाउँपालिकालाई एफ.एम.डी (खोरेत) रोग मुक्त पालिका घोषणा गर्नलाई बिशेष पहल गरिनेछ।
- पशुपालन ब्यवसायलाई घाँसमा आधारित पेशाको रुपमा अगाडी बढाउन घाँसको स्रोत केन्द्र बिस्तारमा जोड दिइनेछ ।

## ३. सहकारी

- गाउँपालिका भित्रका सबै सहकारी संस्थाहरूलाई कोपोमिस (COPOMIS) प्रणालीमा अनिवार्य रूपमा आबद्ध गराई अनलाइन मार्फत मासिक तथा वार्षिक प्रतिवेदन (Report) बुझाउने व्यवस्थालाई पूर्ण रूपमा लागू गरिनेछ।
- सहकारीहरूको आर्थिक पारदर्शिता कायम राख्न र सर्वसाधारणको बचत सुरक्षित गर्न "सहकारी नियमन निर्देशिका "बमोजिम वर्षमा कम्तीमा दुई पटक स्थलगत निरीक्षण र साउन-भदौ भित्रै अनिवार्य वित्तीय लेखापरीक्षणको व्यवस्था मिलाइनेछ।
- एउटै कार्यक्षेत्र भएका, निष्कृय रहेका वा कमजोर आर्थिक अवस्था भएका सहकारीहरूलाई एकापसमा गाभ्न (Merger) प्रोत्साहन गर्ने नीति लिइनेछ।
- सबै सहकारीहरूले तोकिएको समयभित्र लोकतान्त्रिक पद्धति र कानुन सम्मत रूपमा वार्षिक साधारण सभा (AGM) सम्पन्न गरेको सुनिश्चित गरिनेछ।
- सहकारीहरूलाई बचत र ऋण (Saving & Credit) मा मात्र सीमित नराखी कृषि, पशुपालन, जडीबुटी संकलन, र रैथाने उद्योगमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

- उत्पादनमूलक तथा व्यावसायिक कृषि कार्य गर्ने सहकारीहरूलाई पालिकाको तर्फबाट 'बिउ पुँजी' (Seed Money) वा ब्याज अनुदान )Interest Subsidy) को व्यवस्था गरिनेछ।
- कृषि सहकारीहरू मार्फत स्थानीय उत्पादन संकलन र बिक्री वितरण गर्नका लागि हाटबजार र संकलन केन्द्र (collection Center) निर्माणमा सहकार्य गरिनेछ।
- सेयर सदस्यहरूलाई सहकारीको हक-अधिकार, कर्तव्य, र वित्तीय अनुशासनबारे सचेत गराउन समुदाय स्तरमा 'सहकारी शिक्षा अभियान' चलाइनेछ।
- सहकारीका लेखा समिति र ऋण उप-समितिहरूकालागिजोखिम व्यवस्थापन (Risk Management) र ऋण असुली सम्बन्धी विशेष क्षमता विकास तालिम सञ्चालन गरिनेछ।
- महिला र सीमान्तकृत समुदायद्वारा सञ्चालित सहकारीहरूलाई दर्ता शुल्कमा पूर्ण छुट र क्षमता विकासमा प्राथमिकता दिइनेछ।
- कृषि शाखा, पशु सेवा शाखा, र महिला शाखासँग समन्वय गरी सहकारीहरू मार्फत लक्षित वर्गका कार्यक्रमहरू परिचालन गरिनेछ।

४. पर्यटन

- निस्दी भित्रका पर्यटकीय क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न संघीय र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।
- स्थानीय अर्गानिक उत्पादन र कला-संस्कृतिको जगेर्ना गरी पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।
- **"वरपर चर्को घाम, निस्दीमा गई गरौं आराम"** भन्ने नाराका साथ पालिका भित्रका पर्यटकीय क्षेत्रहरूको प्रचारप्रसार गरी होटल तथा घरबास (Homestay) स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- पर्यटनको माध्यमबाट स्वरोजगार तथा रोजगारी सिर्जना गरी स्थानीय उत्पादनको बिक्रीमार्फत आर्थिक स्तर सुधार तथा गरिबी निवारणमा टेवा पुर्‍याइनेछ।

- **"एक वडा, एक पर्यटकीय गन्तव्य"** को अवधारणा अनुरुप कार्यक्रम विकास गरिनेछ। निस्दीका पर्यटकीय स्थलहरुको **सौन्दर्यीकरण र प्रचार प्रसारमा** जोड दिइनेछ।

## ५. उद्योग

- पालिकाभित्र स्थापना हुन आउने उद्योगहरूलाई प्रोत्साहन तथा सहजीकरण गरिनेछ।
- घरेलु तथा साना उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट उद्यमीलाई सम्मान गरी उद्यमशीलता संस्कृतिको विकास गरिनेछ।
- उद्यमी बन्न चाहने नागरिकका लागि आवश्यक तालिम तथा अनुदानको व्यवस्था गरिनेछ।
- उद्यमशीलताबाट रोजगार तथा स्वरोजगारको सिर्जना गरी आर्थिक विकास तथा गरिबी निवारणमा जोड दिइनेछ।
- उद्यमीद्वारा उत्पादित वस्तुको बजारीकरणमा सहयोग गरिनेछ।
- उधमी समूह मार्फत उधम संचालन गर्दा प्रविधि हस्तान्तरणमा अनुदान दिइनेछ ।

## ६. सिँचाइ

- पालिकाभित्रका ठूला सिँचाइ आयोजना सञ्चालन गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिनेछ।
- उत्पादनशील फाँट तथा बारीमा सञ्चालन हुँदै आएका सिँचाइ कुलोहरूको मर्मत-सम्भार तथा स्तरोन्नति र रिपाहा लगाएतका सिंचाई योग्य जमिनको बिस्तृत सम्भाव्यता अध्ययन (DPR) गरि योजना माग गरिनेछ।
- उत्पादनशील फाँट तथा बारीमा सञ्चालन हुँदै आएका सिँचाइ कुलोहरूको मर्मत-सम्भार तथा स्तरोन्नति गर्दै लगिनेछ।
- भौगोलिक रूपमा जटिल स्थानमा लिफ्ट तथा पाइप सिँचाइ प्रणालीको व्यवस्था गरिनेछ।

- उर्वर जमिनमा सिँचाइको पहुँच विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आयस्तर वृद्धि तथा गरिबी निवारणमा जोड दिइनेछ।

७. रोजगार

- सबै प्रकारका बेरोजगार व्यक्तिहरू तथा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको अद्यावधिक तथ्याङ्क सङ्कलनलाई निरन्तरता दिइनेछ।
- रोजगारमूलक आयोजना सञ्चालन गर्न संघीय सरकारको बजेटमा साझेदारी गरिनेछ।
- **"श्रमको सम्मान, राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ।
- निस्दी गाउँपालिकामा सम्भावित रोजगारीका अवसरहरू पहिचान गरी युवाहरूलाई सोही अनुसारको सीप विकास तालिम प्रदान गरिनेछ।

<u>सामाजिक बिकास नीति</u>

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकास लक्ष्य (SDGs) तथा नेपाल सरकारको आवधिक योजना र नीतिहरूलाई आधार मानी "समृद्ध निस्दी, सुखी निस्दीबासी" को आकांक्षा पूरा गर्न गाउँपालिकाको सामाजिक विकास क्षेत्रमा देहाय बमोजिमका वार्षिक नीतिहरू अवलम्बन गरिनेछ।

### *१. शिक्षा तथा खेलकुद (Education and Sports)*

गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, नैतिकवान र सक्षम जनशक्ति उत्पादन गर्न तथा स्वस्थ नागरिकका लागि खेलकुदको विकास गर्न निम्न नीतिहरू लिइनेछः

<u>शिक्षा, युवा तथा खेलकुद शाखाः</u>

- मौलिक हकको रुपमा रहेको शिक्षामा सम्पूर्ण बालबालिकाको पहुँच, टिकाउ र गुणस्तरीय शिक्षा हाँसिल गराइने छ।विद्यार्थी पलायन नियन्त्रण र विद्यार्थी प्रोत्साहनका लागि व्यवस्था गरिनेछ। आधारभूत शिक्षालाई निःशुल्क र अनिवार्य गरिनेछ ।माध्यमिक शिक्षा निशुःल्क गरिनेछ ।
- स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिइनेछ।
- शिक्षाको गुणस्तर सुधार ल्याउन प्रधानाध्यापक र शिक्षक-कर्मचारीसँग कार्यसम्पादन करारलाई निरन्तरता गरिनेछ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा लागू गरिनेछ।विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। सेनेटरी प्याड व्यवस्थापन गरिनेछ।
- प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित गरिनेछ।
- प्र.अ. र विषयगत समितिहरुको नियमित बैठकलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- सबै शिक्षकका लागि लागत साझेदारीमा बृहत Motivational Coaching (उत्प्रेरक प्रशिक्षण ) संचालन गरिनेछ ।
- विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम, वि.व्य.स., शि.अ.सं.का पदाधिकारी एवम् प्र.अ.का लागि व्यवस्थापकीय, प्रशासनिक र नेतृत्व क्षमता विकास तालिम, शिक्षक तालिम, MGML तालिम लगायत विद्यार्थीहरुका लागि समेत बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- विद्यालयमा अत्यावश्यक पूर्वाधारको विकासमा जोड दिईनेछ।
- विद्यालयमा बाह्य तथा आन्तरिक सुपरीवेक्षण, अनुगमन र कक्षा अवलोकनलाई प्रभावकारी बनाइनेछ।
- विद्यालयलाई दिगो विकासका लक्ष्यहरुको अवधारणा अनुसार विकास गर्न जोड दिईनेछ।
- विद्यालयमा शैक्षिक सामाग्री व्यवस्थापनर प्रयोगलाई जोड दिईनेछ। खेलकुद एवम् बौद्धिक प्रतियोगिता सञ्चालन गरिनेछ।

- आधारभूत तह उत्तीर्ण परीक्षा, सिकाइ उपलब्धी परीक्षा, एस.इ.इ.परीक्षा लगायत विद्यालय स्तरका सबै परीक्षाहरु व्यवस्थित र मर्यादित तवरले सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
- उत्कृष्ट नतिजा हाँसिल गर्ने गराउने विद्यालय, शिक्षक, विद्यार्थीलाई पुरस्कृत र न्यून नतिजा हासिल गराउनेलाई सचेत गराइनेछ।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री, सिप र जीवीकोपार्जनसँग जोड्न जोड दिइनेछ। प्राविधिक धार अध्ययन गर्न प्रोत्साहन गरिनेछ।
- विद्यालयमा बाल मञ्च, जुनियर रेडक्रस सर्कल, स्काउट आदि गठन गरी प्रभावकारी रुपमा पारिचालन गरिनेछ।
- युवामैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिने छ।
- विद्यालयलाई शान्ति क्षेत्रको रुपमा विकास गरिनेछ । प्रकोप तथा विपदका कारण हुन सक्ने शैक्षिक क्षति न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँ शिक्षा योजना कार्यान्वयन गरिनेछ।

## स्वास्थ्य नीति

१. आधारभूत स्वास्थ्य सेवाहरु ( प्रतिकारात्मक सेवा,प्रवर्द्धनात्मक सेवा,उपचारात्मक सेवा र प्रवर्द्धनात्मक सेवा ) निशुल्क गुणस्तरीय र प्रभावकारी रुपमा सर्वसुलभ तरिकाले जनताको पहुँच सम्म पुर्याईने छ साथै व्यवस्थित गर्दै लगिने छ ।

- निस्दी गाउँपालिका वडा नं ४ मित्यालमा निर्माण भएको अस्पताल १५ शैयाको आधारभूत अस्पताल सञ्चालन गरिने छ ।
- स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रम लागु गरी गुणस्तरीय स्वास्थ्य सेवाको लागि सुनिश्चितता निरन्तरता गरिनेछ ।
- आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि आवश्यक औषधी आपूर्ति व्यवस्था मिलाईनेछ ।

- ज्येष्ठ नागरिक अपांग असहाय नागरिकको घरदैलोमा स्वास्थ्यकर्मीहरुद्धारा स्वास्थ्य परिक्षण उपचार र व्यवस्थापन कार्यक्रम सञ्चालन निरन्तरता गरिनेछ ।
- आवश्यकता अनुसार विशेषज्ञ स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
- विपन्न दिर्घरोगीहरुलाई आर्थिक सहयोगलाई निरन्तरता गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी व्यवस्थित ढंगले सञ्चालन गर्न पहल गरिनेछ ।
- निःशुल्क रगतको लागि रक्त संचार केन्द्रसंग सम्झौता गरि कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- HIV संक्रमित बिरामीहरुको लागि पुर्स्थापना र ART उपचारको लागि आवश्यक व्ववस्था निरन्तरता गरिने छ ।

२. सुरक्षित मातृत्व कार्यक्रम मातृ तथा नवजात शिशु स्वास्थ्यलाई उच्च प्राथमिकरण गरी कार्यक्रम सञ्चालन गरिनेछ।स्वास्थ्य संस्थाहरुमा सञ्चालित प्रसूती सेवा केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ। सुरक्षित मातृत्व सचेतना कार्यक्रम गरी गर्भवती तथा सुत्केरी सेवालाई गुणस्तरीय, प्रभावकारी र विश्वसनिय बनाईने छ ।

- प्रत्येक गर्भवती महिलाहरुलाई निशुल्क क्याल्सियम र अण्डा वितरण, सुत्केरी रेफर गर्न परेमा निःशुल्क एम्बुलेन्स/खर्च व्यवस्था निरन्तरता गरिने छ ।
- सुत्केरी आमाहरुलाई उत्तरप्रसूति घरभेट गर्दा महिला जनप्रतिनिधी संग सूत्केरी आमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बर्थिङ सेवा केन्द्र र सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गर्भवती लक्षित ग्रामिण अल्ट्रासाउण्ड तथा ANC Package ल्याब घुम्ति सेवा सञ्चालन गरिने छ ।
- पूर्ण संस्थागत प्रसूतीसेवायुक्त वडा तथा पालिका सुनिश्चितता तथा दिगोपना घोषणा गरिनेछ ।

३. बाल स्वास्थ्य कार्यक्रम तथा शिशु तथा बाल्यकालिन पोषण कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।

- नियमित खोप सुदृढिकरण तथा पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा कार्यक्रम सञ्चालन निरन्तरता गरिनेछ ।
- नियमित तौल अनुगमन गर्नको लागि २४ महिना सम्मका बालबालिकाहरुलाई २४ पटक नियमित बृद्दि (तौल) अनुगमन गर्ने, बालभिटा खुवाउने र राष्ट्रिय भिटामिन ए कार्यक्रममा नियमित रुपमा सहभगि हुने अभिभावकलाई पुरस्कृत/यातायातको व्यवस्था निरन्तरता गरिने छ ।

४. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम प्रभावकारी रुपमा संचालन गरि सबै स्वास्थ्य संस्थाहरुलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिनेछ।साथै पोषणमैत्री पालिका घोषणा कार्यक्रम सञ्चालन गरिनेछ ।

- कुपोषण उपचार केन्द्र (OTC) लाई व्यवस्थितगर्दै लगिने छ ।

५. गाउँपालिका भित्र किशोर किशोरीहरुको स्वास्थ्य सचेतना गर्ने कार्यक्रम गरी लागु औषद दुर्व्यसन, आत्महत्या र बालबिबाह न्युनिकरण गर्न पहल तथा बृहत यौनिकता शिक्षा हरेक आधारभूत विद्यालय, माध्यमिक विद्यालय र समुदाय स्तरमा सञ्चालन गरिनेछ।.विद्यार्थीहरुको रक्तअल्पता परिक्षण कार्यक्रम र स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा कार्यक्रम तथा घोषणा भईसकेका संस्थाहरुलाई दिगोपना तथा सुनिश्चितता गरिनेछ ।

६. हाल बढ्दै गईरहेको दिर्घ तथा नसर्ने रोग र मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा नियन्त्रणलाई प्राथमिकतामा राखिने छ ।यस्ता जनस्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन अध्ययन अनुसन्धानको कार्यक्रमहरु सञ्चालन गरिने छ । यी कार्यक्रमहरु स्थानिय राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं

सेविका, स्थानिय स्वास्थ्यकर्मी विभिन्न सरोकारवाला निकाय सकृय सहभागितामा विभिन्न संघसंस्था संग समन्वय गरी सञ्चालन गरिने छ।

- ४० बर्ष माथिका नागरिकहरुलाई सुगर रोग र उच्च रक्त चाप परिक्षण कार्यक्रम संचालन निरन्तरता गरिने छ।
- दिर्घरोगीहरु विशेषगरी उच्च रक्तचाप र मधुमेह (सुगर ) को आधारभूत औषधी एम्लोडिपिन (Amlodipine) र मेटफर्मिन (Metformin) निःशुल्क रुपमा वितरण गर्ने कार्यक्रम निरन्तरता दिईने छ ।
- मानसिक स्वास्थ्य सम्बन्धिका जनचेतना/अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्दै आधारभूत तथा आकस्मिक औषधीहरु निःशुल्क व्यवस्था गरिनेछ ।
- खुल्ला व्यायामशाला सञ्चालनको लागि पहल गरिनेछ ।

७. स्वास्थ्य सम्बन्धी हुनसक्ने महामारी तथा विपद व्यवस्थापन पूर्व तयारी प्रतिकार्य योजना अनुरुप RRT टोलीलाई आवश्यक तालिम व्यवस्था गरी आकस्मिक व्यवस्थापनको लागि उच्च सतर्कता तथा तयारी अवस्थामा राखिने छ साथै जनचेतनाका कार्यक्रमहरु सञ्चालन तथा व्यवस्था गरिनेछ ।

८. राष्ट्रिय महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि तथा प्रोत्साहन कार्यक्रम, दीर्घ सेवा गर्नु भएका उमेर हदका कारणले सेवा निरन्तरता गर्न नसक्ने महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाई, आवश्यकता परेको स्थानमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका थप स्वयंसेविका दिवस, बार्षिक समिक्षातथा यातायात खर्च समय अनुसार वृद्धि गरिनेछ ।

९. सबै स्वास्थ्य संस्थाहरु, गाउँघर क्लिनिक, महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुबाट दिईने स्वास्थ्य सेवाहरुलाई प्रभावकारी ढंगले सञ्चालन तथा रेकर्डिङ तथा रिपोर्टङ कार्यलाई प्रविधीमैत्री (EHMIS) बनाई विश्वसनिय र व्यवस्थित गरिनेछ ।

१०. यस पालिका भित्र मद्यपान, धुम्रपान तथा सुर्तीजन्य पदार्थ बिक्री बितरण तथा प्रयोग कार्यलाई निरुत्साहित तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन २०४९ तथा २०५१ लागु गर्न पहल गरिनेछ ।

११. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक तालिमको व्यवस्था साथै करार स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई समय अनुरुप तलब वृद्धि/ नियमानुसार प्रोत्साहन भत्ता र महङ्गी भत्ताको व्यवस्था गरिने छ।

१२.परम्परागत चिकित्सा पद्धतिको रुपमा रहेको आयुर्वेद औषधालयबाट योग तथा ध्यान लगायतका स्वास्थ्य पद्दतिको संरक्षण, प्रबर्द्धन गरी समुदाय स्तरमा उपलब्ध हुने जडिबुटीहरुको पहिचान गरी व्यवस्थापन र उपयोग गर्ने निति ल्याईनेछ साथै यस पालिकामा रहेको नागरिक आरोग्य केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

- स्वर्ण विन्दु प्राशन कार्यक्रम सञ्चालन पहल गरिनेछ ।
- योग र जीवनशैली व्यवस्थापन गरिनेछ ।
- स्वस्थ जीवनशैली प्रवर्द्धनमा गृहणीहरुको लागि भान्सा सूधार कार्यक्रम ।
- .पूर्ण स्तनपानको लागि स्तनपायी सेवा सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धनको लागि अस्वगन्ध चूर्ण व्यवस्था गरिनेछ ।

## खानेपानी तथा सरसफाई

- निस्दी गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा खानेपानी तथा सरसफाई क्षेत्रलाई उच्च प्राथमिकता दिँदै देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिएको छ।
- वास प्लान (WASH Plan) तर्जुमा र कार्यान्वयनः खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) सम्बन्धी एक विस्तृत योजना तर्जुमा भएकोमा त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

- **"एक घर, एक धारा"** अभियानः प्रत्येक घरमा खानेपानीको सहज पहुँच सुनिश्चित गर्न "एक घर, एक धारा" अभियानलाई शतप्रतिशत पुर्याउने लक्ष्य राखीनेछ।

- खानेपानी आयोजना सञ्चालनः भौगोलिक अवस्था अनुसार ग्राभिटी (Gravity) तथा लिफ्टिङ (Lifting) प्रविधिका खानेपानी आयोजनाहरू सञ्चालन गरी खानेपानी सेवा विस्तार गरिनेछ।

- खानेपानी क्षेत्रमा “योजना अधुराः गर पहिला पुरा” भन्ने नाराका साथ अधुरा योजना प्राथमिकतामा राखी सम्पन्न गरिनेछ।

- जनसहभागितामा आधारित कार्यक्रमः खानेपानी आयोजनाका लागि आवश्यक पाइप वितरण गर्दा लागतको ७५ प्रतिशत गाउँपालिकाले र बाँकी २५ प्रतिशत सम्बन्धित नागरिक (उपभोक्ता) ले व्यहोर्ने गरी जनसहभागितामूलक बनाइनेछ।

- जलवायु परिवर्तनको प्रभाबको कारण जलस्रोत क्षेत्रमा असर परेको हुदाँ “एक वडा एक पोखरी” निर्माण गर्ने अभियान चलाईनेछ।

- खानेपानीको गुणस्तर सुनिश्चितताः आम नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानीका मुहानहरूको परीक्षण गरिनेछ।

- खानेपानीको व्यवस्थापन र विवादमुक्त बनाउन खानेपानी मुहान दर्ताको कार्यलाई पनि संगसंगै लगिनेछ।

- मर्मतसम्भार कोषको व्यवस्थाः सञ्चालित खानेपानी आयोजनाहरूको दिगोपन र नियमित मर्मतका लागि एक "मर्मत सम्भार कोष" व्यवस्थापन र निरन्तरता गरिनेछ।

- **बृहत् सरसफाई अभियानः** पालिकाका सबै ७ वटै वडाहरूमा सरसफाई सूचकहरूको आधारमा विशेष सरसफाई अभियान सञ्चालन गरिनेछ।

- यस अभियान अन्तर्गत फोहोरमैला व्यवस्थापन गर्नका लागि फोहोर मैला व्यवस्थापन कार्यक्रम र डस्टविन जस्ता सामाग्री वितरण गरि कुहिने र नकुहिने खालका फोहोर जन्य पदार्थको व्यवस्थापन गरिनेछ।

- फोहोरमैला व्यवस्थापन गर्नका लागि डम्पिङ साइट निर्माण गर्नका लागि प्रदेश र संघ संगको समन्वय र पालिकाको लगानीमा आगाडी बढाउने नीति लिइएको छ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण वार्षिक नीति तथा कार्यक्रम

निस्दी गाउँपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई उच्च प्राथमिकता दिँदै पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकासको मूलधारमा ल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ। कार्यक्रमका मुख्य बुँदाहरू निम्न रहेका छन्:

- महिलाहरूको आत्मसम्मान बढाउनका लागि महिला नेतृत्वको विशेष डकुमेन्ट्री तथा सम्मान अन्तर्क्रिया कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- महिलाहरूलाई परम्परागत सीपबाट आधुनिक र व्यावसायिक सीप (जस्तैः डिजिटल मार्केटिङ, तनाव व्यवस्थापन, सकारात्मक सोच, सासु बुहारी, श्रीमान श्रीमती जस्ता कार्यशाला मार्फत कमर्शियल एग्रिकल्चर, हस्तकला) तर्फ रूपान्तरण गर्न उद्यमशीलता तालिम र सहुलियतपूर्ण बिउ पुँजी (Seed Money) उपलब्ध गराइनेछ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, र सामाजिक कुप्रथा विरुद्ध वडा स्तरमा सचेतना जगाउँदै पीडित महिलाका लागि पालिकाको न्यायिक समितिसँगको समन्वयमा 'आकस्मिक कानुनी तथा मनोसामाजिक परामर्श कोष' स्थापना गरिनेछ

बालमैत्री स्थानीय शासनः

१. बालमैत्री स्थानीय शासन (**CFLG**) घोषणा रणनीतिक नीति

- पालिकाका सबै वडा र विद्यालयहरूमा बालमैत्रीका ५१ वटै सूचकहरूको हालको अवस्था मापन गरी बाँकी रहेका सूचकहरू तुरुन्त पूरा गर्ने द्रुत कार्ययोजना (Action Plan) लागू गरिनेछ।
- पालिका घोषणा गर्नु अगाडि चरणबद्ध रूपमा सबै वडाहरू र विद्यालयहरूलाई 'बालमैत्री वडा/विद्यालय' घोषणा गर्न प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गराइनेछ।
- जिल्ला समन्वय समिति र प्रदेश सरकारसँग समन्वय गरी चालु वर्षको अन्त्यसम्ममा आवश्यक अनुगमन, प्रमाणीकरण (Verification) र घोषणाको औपचारिक कार्यक्रम सम्पन्न गरिनेछ।

२. बाल बचाउ र पोषण (सूचक पूर्ति विशेष)

- घोषणाका लागि अनिवार्य सूचकका रूपमा रहेका ३ महिनाभित्र जन्मदर्ता र सबै बालबालिकाले पूर्ण खोप पाएको सुनिश्चित गर्न 'वडास्तरीय विशेष अभियान' चलाइनेछ।
- स्वास्थ्य शाखासँगको सहकार्यमा "सुनौला हजार दिनका आमा" र ५ वर्ष मुनिका बालबालिकाको पोषण स्थिति सुधार गरी कुपोषणको दर शून्यमा झारिनेछ।

३. बाल विकास र पूर्वाधार (विद्यालय केन्द्रित)

- पालिकाका सबै विद्यालय, वडा कार्यालय र सार्वजनिक स्थलहरूमा बालबालिकाका लागि सुरक्षित खेलमैदान, अपाङ्गतामैत्री शौचालय र सफा खानेपानी (Safe Drinking Water) को व्यवस्था अनिवार्य गरिनेछ।
- बाँकी रहेका बालविकास केन्द्रहरूलाई आवश्यक न्यूनतम खेलकुद तथा शैक्षिक सामग्री उपलब्ध गराई शतप्रतिशत बालमैत्री मानक (Standard) मा पुर्‍याइनेछ।

४. बाल संरक्षण र कानुनी सुदृढीकरण

- निस्दी गाउँपालिकालाई पूर्ण बालविवाह मुक्त क्षेत्र बनाउन समुदाय स्तरमा निगरानी समिति (Community Watch Groups) गठन गरिनेछ र बालश्रम रोक्न होटल, यातायात र पसलहरूको नियमित अनुगमन गरिनेछ।

- अनाथ, अपाङ्गता भएका, र जोखिममा परेका बालबालिकाहरूको तत्काल उद्धार र आकस्मिक सहयोगका लागि स्थापित 'बाल संरक्षण कोष' को बजेट दायरा बढाइनेछ।

५. बाल सहभागिता र संस्थागत संरचना

- टोल, वडा र पालिका स्तरका बाल क्लब तथा बाल सञ्जालहरूलाई घोषणाको अभियानमा मुख्य संवाहक (Mobilizers) को रूपमा परिचालन गरिनेछ।
- पालिकाको कुल बजेटको लक्षित क्षेत्र अन्तर्गत बालबालिकाका क्षेत्रमा सुनिश्चित बजेट विनियोजन गरी बाल सञ्जालले माग गरेका योजनाहरूलाई प्राथमिकता दिइनेछ।

६. घोषणा पछिको दिगोपन नीति (**Post-Declaration Sustainability)**

- घोषणा हुनु मात्र अन्तिम उपलब्धि नभएकाले, सूचकहरूलाई भविष्यमा पनि कायम राख्न 'बालमैत्री स्थानीय शासन दिगोपन कोष' को स्थापना गरिनेछ।
- घोषणा पश्चात् सूचकहरू खस्कन नदिन प्रत्येक ६-६ महिनामा 'सामाजिक परीक्षण' (Social Audit) र सूचकहरूको अनुगमन गर्ने प्रणाली विकास गरिनेछ।

---

मुख्य रणनीतिक नारा (**Slogan for the Year)**

"सबैको प्रतिबद्धता र साझा लगानीः यसै वर्ष बालमैत्री निस्दी गाउँपालिकाको घोषणा र दिगोपनको सुनिश्चितता!"

## पुर्वधार विकास नीति

यस निस्दी गाउँपालिकाको समग्र विकासको मेरुदण्डको रूपमा रहेको पूर्वाधार विकासलाई दिगो, उत्थानशिल, गुणस्तरीय र जनमुखी बनाउन आगामी आर्थिक वर्षमा देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू अवलम्बन गरिनेछ।

आयोजना छनोट तथा मापदण्ड कार्यान्वयनः

- गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा परियोजना बैंकमा समावेश भएका आयोजनाहरूलाई प्राथमिकताका साथ छनोट गरिनेछ।
- पूर्वाधार निर्माण सम्बन्धी संघीय तथा प्रदेश सरकारबाट जारी भएका भवन मापदण्ड, सडक मापदण्ड लगायतका अन्य सबै मापदण्डहरूलाई अनिवार्य रूपमा कार्यान्वयन गरिनेछ।
- पूर्वाधार निर्माण गर्दा दिगो विकासका लक्ष्यहरू र उत्थानशील विकासको अवधारणालाई आत्मसात् गरी वातावरणीय सन्तुलन कायम गरिनेछ।

**गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाः**

- पालिकाको गौरवको आयोजनाको रूपमा रहेको "केम खाम्चा मार्ग" निर्माण कार्यलाई तीव्रता दिइनेछ।
- गाउँपालिकाको "मुख्य प्रशासनिक भवन" र “सहलकोट स्वास्थ्य चौकी” आगामी आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने र निर्माणाधीन "१५ शैयाको अस्पताल" सेवा सञ्चालनमा ल्याइनेछ।
- रणनीतिक महत्वको "मित्याल-अरुणखोला मोटर बाटो" लाई थप व्यवस्थित र स्तरोन्नति गर्न संघीय तथा प्रदेश सरकारसँग विशेष समन्वय र सहकार्य गरिनेछ।
- पालिका स्तरिय सुविधा सम्पन्न खेलमैदान निर्माणका लागि प्रदेश र संघीय सरकारसँगको समन्वय तथा सहकार्यमा निर्माण कार्य अगाडि बढाइनेछ।

**सडक मर्मत, स्तरोन्नति तथा यातायातको पहुँचः**

- गाउँपालिकाको प्रशासनिक केन्द्र देखि सबै वडा कार्यालयहरू जोड्ने मुख्य सडकहरूको नियमित मर्मत सम्भार गर वर्षैंभरि यातायात सञ्चालनको सुनिश्चितता गरिनेछ।

- वडाभित्रका शाखा सडकहरूको मर्मत तथा स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।
- सडक मर्मत गर्ने कार्यमा भल निकास तथा व्यवस्थापन गर्नका लेन्थमेनको व्यवस्था गरिनेछ।
- पहाडी क्षेत्रका खोल्सा-खाल्सीको पानी तथा भल व्यवस्थापन गर्न कल्भर्ट र ह्युम पाईपको व्यवस्था गरिनेछ।
- सडक यातायातको नयाँ सडक कोर्न छाडी पुराना सडकको मर्मत र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ।

**साझेदारी तथा समन्वयः**

- आवश्यकता र प्राथमिकताका आधारमा झोलुङ्गे पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ। साथै निस्दी-५ ढुंगानाबेसी स्थित बेलघाट झो.पु. यसै वर्ष सम्पन्न गरिनेछ।
- गाउँपालिकाको समपूरक (Matching) कोषबाट सञ्चालन हुने आयोजनाहरूको प्रभाव मूल्यांकन गरी प्रतिफलमुखी बनाइनेछ।

**आयोजना कार्यान्वयन तथा व्यवस्थापनः**

- वर्तमानमा सुरु भएका तथा अधुरा रहेका पूर्वाधार आयोजनाहरूलाई सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ।
- आयोजनाको प्रभावकारिता र प्रतिफल सुनिश्चित गर्न रु. २ लाखभन्दा कम लागतका टुक्रे आयोजनाहरू विशेष परिस्थिति बाहेक छनोट गरिने छैन।
- उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने मागमा आधारित आयोजनाहरूमा स्थानीयको श्रमदान सुनिश्चित भएपश्चात् मात्र कार्यान्वयनमा लगिनेछ।

- जटिल प्रकृतिका निर्माण कार्यहरु उपभोक्ता मार्फत नगरी ठेक्का प्रक्रिया अथवा निर्माण व्यवसायी मार्फत गरि कार्य मजबुत र दीर्घकालीन बनाउने तर्फ अबलम्बन गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने निजी तथा सरकारी भवनहरूको भुकम्प प्रतिरोधी सहितको नक्सा पास प्रणालीलाई आगामी आर्थिक वर्ष २०८३/८४ देखि लागु गरि नक्सा पास गरि भवन बनाउन चाहनेहरुका लागि नक्सा पासको व्यवस्था गरिनेछ साथै गाउँपालिका भित्र रहेका ढलान अथवा पक्की भवनहरुको अभिलेखीकरण कार्य गरिनेछ।
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरणलाई वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) प्रतिवेदनको आधारमा व्यवस्थित र पारदर्शी बनाइनेछ।
- पालिका तथा वडा स्तरबाट छनोट भई निर्माण हुने सबै सार्वजनिक भौतिक पूर्वाधारहरूलाई अपांगमैत्री, बालमैत्री, लैङ्गिकमैत्री तथा युवामैत्री बनाइनेछ।
- यो आ.ब. मा **"योजना अधुराः गरौ पहिला पुरा"** भन्ने नाराका सहित अधुरा रहेका योजनाहरुको पहिलो प्राथमिकतामा राखी योजना सम्पन्न गरिनेछ।

*निस्दी गाउँपालिकामा स्वच्छ खानेपानीको पहुँच विस्तार गर्ने, सरसफाईको अवस्थामा सुधार ल्याउने, र सञ्चालित आयोजनाहरूलाई जनसहभागिताको माध्यमबाट दिगो बनाउने स्पष्ट लक्ष्य राखेको छ।*

## निस्दी गाउँपालिकाको वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

**"जोखिम र विपदमा निस्दीको ध्यान ,खालि जग्गामा उत्पादन सहित हरियाली हाम्रो अभियान"** को नारा सहित निस्दी गाउँपालिकाको प्राकृतिक सम्पदा, जैविक विविधता र वातावरणीय सन्तुलनको संरक्षण गर्दै दिगो विकास हासिल गर्न तथा विपद् जोखिम

न्यूनीकरण गरी नागरिकको जीवनस्तर उकास्नका लागि देहाय बमोजिमको वन, वातावरण तथा विपद् व्यवस्थापन नीति अवलम्बन गरिनेछ।

- विपद् जोखिम न्यूनिकरण तथा पूर्व तयारीलाई प्राथमिकता दिदै पूर्व सूचना प्रणाली, उद्धार सामाग्री व्यवस्थापन, क्षमता विकास तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
- वन, वातावरण तथा जैविक विविधता संरक्षणलाई प्राथमिकता दिदै वृक्षरोपण, जलाधार संरक्षण, फोहोर व्यवस्थापन र वातावरणीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- निजी तथा सामुदायिक, कबुलियती वन दर्ता सम्बन्धी अभिमुखिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक वनलाई रोजगारीसँग आवद्धता गरिनेछ।

<u>सामुदायिक वनको व्यवस्थापन र आयआर्जनमा आबद्धता:</u>

सामुदायिक वन उपभोक्ता समूहहरूलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। समूहहरूले आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकामा अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ र वन पैदावारमा आधारित उद्यमशीलता प्रवर्द्धन गरी वन क्षेत्रबाट प्राप्त हुने आयलाई स्थानीय नागरिकको आय आर्जनसँग आबद्ध गरिनेछ।

<u>निजी वन दर्ताको लागि कानूनी व्यवस्था:</u>

निजी जग्गामा लगाइएका वनको संरक्षण, व्यवस्थापन र सदुपयोगलाई प्रोत्साहन गर्न "निजी वन दर्ता तथा व्यवस्थापन सम्बन्धी कानून" तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। यसले गर्दा नागरिकहरू आफ्नो निजी जग्गामा वृक्षारोपण गर्न प्रोत्साहित हुनेछन्।

<u>वातावरणमैत्री तथा उत्थानशील विकास:</u>

गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका विकास आयोजनाहरू (पूर्वाधार निर्माण, कृषि, पर्यटन आदि) मा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिनेछ। वातावरणमैत्री तथा विपद्-उत्थानशील विकासका अवधारणालाई आयोजना तर्जुमा र कार्यान्वयनको हरेक चरणमा प्राथमिकता दिइनेछ।

विपद् व्यवस्थापनमा ४-आर (**4R**) को प्राथमिकताः

विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन ४-आर (4R) को अवधारणाः **न्यूनीकरण (Reduction), पूर्वतयारी (Readiness), प्रतिकार्य (Response),** र **पुनर्लाभ (Recovery)** लाई प्राथमिकता दिइनेछ। यसका लागि स्थानीय विपद् व्यवस्थापन समितिहरूलाई सक्रिय बनाइनेछ र आवश्यक स्रोत, साधन र तालिमको व्यवस्था गरिनेछ।

हरियाली प्रव५र्द्धन र आयआर्जनः

"हरित निस्दी" अभियान सञ्चालन गरी गाउँपालिका भित्रका सार्वजनिक, निजी तथा खाली र बाँझो जग्गामा फलफूल तथा बहुउपयोगी बोटबिरुवा रोपणलाई प्रोत्साहन गरिनेछ। विशेषगरी **अम्रिसो, तेजपात, आँप, लिचि** जस्ता आयआर्जनसँग जोड्न सकिने प्रजातिहरूको प्रवर्द्धन गरी हरियाली र समृद्धि एकसाथ हासिल गर्ने लक्ष्य लिइनेछ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन

१. संस्थागत विकास तथा क्षमता अभिवृद्धि नीति (**Institutional Development**)

- गाउँपालिका र वडा कार्यालयहरूको कार्यबोझका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति परिचालनलाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ।

- सेवा प्रवाहलाई गुणस्तरीय बनाउन गाउँपालिका र वडामा कार्यरत कर्मचारीहरूका लागि सेवाकालीन तालिम, सकारात्मक सोच, र नवीनतम प्रविधि (IT) सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै वडा कार्यालयहरूको भौतिक पूर्वाधार सुधार गरी कर्मचारीहरूका लागि कार्यमैत्री र सेवाग्राहीका लागि अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरिनेछ।
- गाउँ कार्यपालिका र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी र करार कर्मचारीहरुलाई नियमानुसार प्रोत्साहन भत्ता तथा महङ्गी भत्ता उपलब्ध गराईने छ।

**२. प्रविधिमैत्री र सरलीकृत सेवा प्रवाह नीति (Service Delivery)**

- "वडा स्तरबाट प्रवाह हुने मुख्य-मुख्य सेवा, सिफारिस र दर्ता प्रक्रियालाई अनलाइन प्रणाली (E-Governance) मा लगिनेछ। नागरिकले घरबाटै वा मोबाइल एप मार्फत कागजात पेस र ट्र्याक गर्न सक्ने व्यवस्था मिलाइनेछ।
- सबै कार्यालयहरूमा सञ्चार प्रविधिमा आधारित डिजिटल नागरिक वडापत्र र 'टोकन प्रणाली' (Token System) लागू गरी सेवा प्रवाहमा लाग्ने समय र भिडभाड कम गरिनेछ।
- भौगोलिक रूपमा दुर्गम रहेका वडाहरूका नागरिकलाई लक्षित गरी स्वास्थ्य, मालपोत, राजस्व संकलन, अपाङ्गता परिचयपत्र र योजना सम्झौता जस्ता सेवाहरू समेटेर 'एकीकृत एकीकृत घुम्ती शिविर' सञ्चालन गरिनेछ।

**३. सुशासन, पारदर्शिता र जबाफदेहिता नीति (Good Governance)**

- गाउँपालिकाका हरेक आर्थिक तथा प्रशासनिक क्रियाकलापलाई पारदर्शी बनाउन आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) लाई कडा रूपमा लागू गरिनेछ।
- **सार्वजनिक परीक्षण र सुनुवाइः** गाउँपालिका र ७ वटै वडाहरूमा प्रत्येक ६-६ महिनामा अनिवार्य रूपमा **सार्वजनिक सुनुवाइ (Public Hearing)**, सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- **हेलो गाउँपालिका (Grievance Redressal):** नागरिकका गुनासा, सल्लाह र उजुरीहरू तत्काल सुन्न र सम्बोधन गर्न 'हेलो गाउँपालिका' हटलाइन, मुख्यमन्त्री/प्रधानमन्त्री कार्यालयको गुनासो व्यवस्थापन प्रणाली र सामाजिक सञ्जाल डेस्कलाई २४ घण्टा सक्रिय बनाइनेछ।

४. आर्थिक अनुशासन र योजना व्यवस्थापन नीति

- आयोजना छनोट प्रक्रियामा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लाभ-लागत विश्लेषणलाई अनिवार्य गरिनेछ।
- रु. ५ लाखभन्दा माथिका आयोजना तथा कार्यक्रमहरूको अनुगमन गाउँपालिका स्तरीय अनुगमन समितिबाट र सोभन्दा कम लागतका आयोजनाहरूको अनुगमन सम्बन्धित वडा स्तरीय अनुगमन समितिबाट गरिनेछ।
- आयोजनाहरूमा ३ प्रतिशत कन्टिन्जेन्सी र १.५ प्रतिशत मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।
- कन्टिन्जेन्सी रकम खर्च गर्दा प्रचलित मापदण्डको पूर्ण पालना गरिनेछ।
- आयोजनाको सूचना पाटी निर्माणका लागि रु. ३ लाखसम्मको लागत अनुमान भएको योजनामा रु. १,०००।- र सोभन्दा माथिका योजनामा रु. ३,०००।- रकम उपलब्ध गराइनेछ।

- **बेरुजु न्यूनीकरण र शून्य बेरुजु अभियानः** विगतका वर्षहरूमा सञ्चित भएको बेरुजु फस्यौंट गर्न विशेष कार्यदल गठन गरिनेछ र यस वर्षदेखि 'शून्य बेरुजु नीति' अवलम्बन गरिनेछ।
- **विद्युतीय भुक्तानी (E-Payment) र ठेक्का (E-Bidding):** गाउँपालिकाको राजस्व संकलनलाई डिजिटल (QR Code/Online) बनाइनेछ। उपभोक्ता समिति र ठेक्का मार्फत हुने सबै भुक्तानीहरू सिधै बैंक खातामा जाने व्यवस्था (Electronic Fund Transfer) लाई अनिवार्य गरिनेछ।
- **नियमित अनुगमन तथा मूल्याङ्कनः** योजनाहरूको गुणस्तर कायम राख्न उपाध्यक्षको संयोजकत्वमा रहेको 'अनुगमन समिति' लाई प्रविधि र विज्ञ सहित सक्रिय बनाई आयोजनाहरूको तेस्रो पक्ष मूल्याङ्कन (Third-Party Evaluation) गराइनेछ।

### ५. स्थानीय कानुन निर्माण र न्यायिक निरूपण

- **कानुनी सचेतना र मेलमिलापः** गाउँपालिकाको न्यायिक समितिलाई सुदृढ गर्दै सानातिना विवादहरू वडा तहमै समाधान गर्न 'मेलमिलाप केन्द्र' हरूलाई सक्रिय बनाइनेछ र समुदाय स्तरमा कानुनी सचेतना जगाइनेछ।
- **स्थानीय राजपत्र र अभिलेखीकरणः** गाउँपालिकाबाट बनेका ऐन, नियम, कार्यविधिहरूलाई 'स्थानीय राजपत्र' मा डिजिटल रूपमा प्रकाशन गरी नागरिकको सूचनाको हक सुनिश्चित गरिनेछ।

---

### आ.व. २०८३/०८४ का लागि सुशासनको मूल नारा

**"प्रविधिमैत्री प्रशासन, पारदर्शी सञ्चालनः सुशासित निस्दी गाउँपालिकाको पहिचान।"**

---